मिति २०७९ फागुन ३ गते नगर कार्यपालिका (१४१औं) बैठकको (कार्यसुची) एजेण्डाहरु

१. गत विगत बैठकको कार्य प्रगति समीक्षा ।
२. कार्यक्रम तथा बजेट व्यवस्थापन ।
३. कार्यक्रम संसोधन ।
४. हालसम्म संकलन भएको राजस्वको प्रगति समीक्षा ।
५. विभिन्न विषयगत समितिको बैठकको निर्णय अनुमोदन ।
६. विविध ।

**छलफल तथा निर्णयहरु**

**निर्णय नं १**

यस नगरपालिकाको नगर कार्यपालिका तथा अन्य विभिन्न विषयगत समिति बैठकको विगतका निर्णयहरुको समीक्षा गरी तपसिल बमोजिमका नतिजा प्राप्त भएको बैठक समक्ष जानकारी भयो । आगामी दिनहरुमा थप उपलब्धी हासिल गर्नको लागि मातहतका सबै शाखा तथा कार्यालय एवं इकाईहरुको दक्षता अभिवृद्धि गरी कार्यान्वयनको तहमा थप सक्रियता देखाई अपेक्षित नतिजा हासिल गर्ने तर्फ उन्मुख हुन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.स. | प्रमुख निर्णयहरुको व्यहोरा | कार्यान्वयन अवस्था | नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन |
|---|---|---|---|
| १ | कृषि क्षेत्र र गैर कृषि क्षेत्रमा जग्गाको वर्गीकरण | भूउपयोग कार्यविधी निर्माण गरी आवासीय, व्यवसायिक र कृषि क्षेत्रको वर्गीकरण | भूउपयोग ऐनको प्रावधान बमोजिम अन्य क्षेत्रको समेत तत्काल वर्गीकरण प्रकृया अगाडि बढाउने । |
| २ | विद्यालय गाभ्ने निर्णय | पंचकन्या आ.वि.लाई श्रीराम आधारभूत विद्यालयमा र अन्नतलिंगेश्वर आ.वि.लाई अरनिको मा.वि.मा गाभी पठन पाठन सुचारु भई रहेको । | गाभिएको विद्यालयहरुको भौतिक स्रोत र साधन व्यवस्थापनका सम्बन्धमा भएको कार्य प्रगति आगामी बैठकमा पेश गर्ने । |
| ३ | लेखा समिति गठन तथा बेरुजु फछ्यौंट | लेखा समिति संचालन कार्यविधी स्वीकृत भई लेखा समितिका तर्फबाट नगरसभाको १२ औं अधिवेशन समक्ष प्रतिवेदन पेश भई बेरुजु फछ्यौंटको क्रममा रहेको । | लेखा समितिका संयोजकले बेरुजु फछ्यौंटको यथार्थ विवरण आगामी बैठक समक्ष पेश गर्ने । |
| ४ | नगरपालिकाको आन्तरिक राजस्व वृद्धिको लागि जरीवाना छुट | अभियानका क्रममा हालसम्म ८४७ वटा व्यवसायहरु | अभियानलाई थप प्रभावकारी र विस्तृत रुपमा संचालनको व्यवस्था मिलाउने । |

| क्र.स. | प्रमुख निर्णयहरुको व्यहोरा | कार्यान्वयन अवस्था | नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन |
|---|---|---|---|
| | सहित व्यवसाय दर्ता अभियान संचालन गर्ने | वडा/नपा कार्यालयमा दर्ता एवं सूचीकृत भएको । | |
| ५ | साझेदारीमा दमकल संचालन गर्ने | चांगुनारायण र सूर्यविनायक नगरपालिकाको साझेदारीमा दमकल खरिद गरी दमकल संचालन कार्यविधी समेत तयारी गरी कार्यान्वयनमा रहेको । | दमकल संचालनको अवस्थाको बारेमा सम्वद्ध निकायको बैठक बस्ने र एक पटक MOCK DRILL गर्ने व्यवस्था मिलाउने । |
| ६. | सूर्यविनायक नगरपालिकाको प्र.अ.नियुक्ती व्यवस्थापन | प्र.अ.नियुक्ती कार्यविधी तर्जुमा गरी विज्ञको लागि रोष्टर तयार गर्न सूचना प्रकाशन गरिएको । | कार्यविधी अनुसार प्र.अ. नियुक्ती प्रकृया सम्पन्न गर्ने । |
| ७ | नगरक्षेत्रभित्र मेलम्ची खानेपानी सुविधा बिस्तार | मेलम्ची खानेपानी सुविधा बिस्तारको लागि तत्काल गनुपर्ने कामहरुको बारेमा अध्ययन गरी कूल लागत अनुमान सहितको प्रस्ताव तयार गर्ने । | कूल लागत अनुमान सहितको प्रस्ताव यथाशीघ्र तयार गरी बैठकमा पेश गर्ने व्यवस्था मिलाउने । |
| ८ | सूर्यविनायक नगर अस्पताल जगातीमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहयोगमा नयाँ अस्पताल भवन निर्माण शुरु गर्ने । | नयाँ अस्पताल भवन निर्माणको डिपिआर प्रतिवेदन सहित काम अघि बढाउन स्रोत सुनिश्चितताको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी तत्काल काम अघि बढाउने । |
| ९ | स्वास्थ्य संस्था(चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्र) को आम्दानी र खर्चलाई नगरपालिकाको केन्द्रीय लेखा प्रणालीमा आवद्ध गर्ने । | स्वास्थ्य संस्था(चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्र) को आम्दानी र खर्चलाई नगरपालिकाको केन्द्रीय लेखा प्रणालीमा आवद्ध गर्ने सम्बन्धमा आन्तरिक छलफल भइरहेको । | स्वास्थ्य संस्था(चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्र) को आम्दानी र खर्चलाई नगरपालिकाको केन्द्रीय लेखा प्रणालीमा आवद्ध गर्ने सम्बन्धमा आर्थिक प्रशासन, राजस्व र जनस्वाथ्य शाखाले तत्काल आवश्यक गृहकार्य गरी बैठकमा जानकारी गराउने । |

**निर्णय नं २**

नगर सभाको एघारौं अधिवेशनबाट विपद व्यवस्थापन, मर्मत संभार, र अन्य विभिन्न शीर्षकमा विनियोजित रकमबाट देहाय बमोजिम आर्थिक सहयोग, विपद राहत वितरण, कार्यक्रम संचालन तथा निर्माण भएका आयोजना मर्मत संभारका लागि देहाय अनुसारको रकम खर्च लेख्न स्वीकृत गर्ने निर्णय गरियो ।

**क. आर्थिक सहयोग र उपचार राहत खर्च**

| क.स. | आयोजना कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | शारदा भाट खत्री | वडा नं ९ | १५००० |
| २ | सुनिता माडि | वडा नं ३ | २०००० |
| ३ | न्यच्छेबहादुर श्रेष्ठ आ.स. | वडा न. ५ | २०००० |

**ख. खेलकुद**

| क.स. | संस्थाको नाम | कार्यक्रम विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|---|
| १ | जिल्ला खेलकूद विकास समिति, भक्तपुर | राष्ट्रपति रनिङर शिल्ड प्रतियोगिता संचालन | भक्तपुर | २,००,०००।०० |
| २ | अखिल नेपाल कवड्डी संघ | इरानको राजधानी तेहरानमा सम्पन्न हुने एशियन कब्बडी प्रतियोगितामा सहभागी हुने २ जना खेलाडीको आतेजाते टिकट खर्च वापत रकम उपलब्ध गराउने । | भक्तपुर | २,४०,०००।०० |
| ३ | भक्तपुर नपा खेलकुद | खोखो खेल सहभागी | | ३५००० |

**ग. सूचना प्रशारण**

| क.स. | सूचना विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | विश्वसन्देश अनलाईन सूचना प्रशारण | सूनपा | ५५००० |
| २ | मेडिया इनोभेशन प्रा.लि. | | १५००० |

**घ. विपद व्यवस्थापन लगायत अन्य कार्यक्रम संचालन**

| क.स. | संस्थाको नाम | कार्यक्रम विवरण | ठेगाना | स्वीकृत रकम रु. |
|---|---|---|---|---|
| १ | स्वच्छ समाज नेपाल | महिला नेतृत्व विकास | | ४,००,०००।०० |
| २ | वातावरण स्रोत परिचालन मञ्ज फोकस नेपाल | वातावरण तथा सरसफाई सम्बन्धी अभिमुखीकरण | | ४,००,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| ३ | कृषि तथा पशुपंक्षी व्यवस्था उपशाखा, सूनपा | सामदायिक कुकुर व्यस्थापन तथा वन्ध्याकरणको लागि थप बजेट व्यवस्थापन | | ३,००,०००।०० |
| ४ | गुप्तेश्वर जेष्ठ नागरिक समाज | न्यानो कपडा वितरण | वडा नं २ | १,५०,०००।०० |
| ५ | रोज भिलेज | महिला लक्षित कार्यक्रम | वडा नं २ | २०००००।०० |

ङ. पूर्वाधार तर्फ मर्मत संभार

| क.स. | आयोजना कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | सुवर्णेश्वर आधारभूत विद्यालय व्यस्थापन खर्च | वडा नं ६ | १,५०,०००।०० |
| २ | मुनालटोल ग्राभेल | वडा नं ३ | ३,००,०००।०० |
| ३ | आर्दश टोल कुवाँ निर्माण | वडा नं ८ | ५०००००।०० |
| ४ | भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुर कार्यालयको भौतिक मर्मत सुधार | भक्तपुर | १००००००।०० |
| ५ | ओमसाई मन्दिर कोठा निर्माण | वडा नं २ | २,५०,०००।०० |
| ६ | बालकोट विकास क्लव | वडा नं २ | १,००,०००।०० |
| ७ | क्रियापुत्री भवन मर्मत | वडा नं २ | २,५०,०००।०० |
| ८ | सूर्योदय टोल भट्टा जानेबाटो | वडा नं ४ | ५,००,०००।०० |
| ९ | बिजुलीको पोल व्यवस्थापन | वडा नं ३ | १,७०,०००।०० |
| १० | किवाचोक माकाजु टोल भजन घर | वडा नं ७ | १००००००।०० |
| ११ | पाथीभारा ल कलेज ब्लक छाप्ने | वडा नं ४ | ३०००००।०० |
| १३ | नापि कार्यालय, भक्तपुर कार्यालयको भौतिक मर्मत सुधार | भक्तपुर | ६०००००।०० |
| १४ | फूटसल निर्माण व्यवस्थापन | वडा नं ७ | ७०००००।०० |
| १५ | बकाचो गढि निर्माण सुधार | वडा नं ८ | २००००००।०० |
| १६ | दहगाउँ भञ्जयांग देखि नेपाल प्रहरी स्कुल बाटो ढलान | वडा नं १० | २५०००००।०० |
| १७ | बुढाथोकी टोल राम्चे ताथली सडक ढलान | वडा नं १० | १२०००००।०० |
| १८ | गैरीधारा क्रियापुत्री भवन निर्माण | वडा नं ७ | २५०००००।०० |
| १९. | गणेशमान चपरिका | वडा नं. ९ | 20,00000/- |
| २० | [illegible] | थापाटोल दक्षिण | वार्ड-२ 00001/- |

२१. मालिको जोफिवार [illegible] 600000/-

~~[illegible]~~

**निर्णय नं ३**

यस नगरपालिका वडा नं २ र ५ का लागि  लागि ११ औं नगरसभा अधिवेशनबाट विनियोजन भएको तपसिल बमोजिमको योजना तथा कार्यक्रमहरुमा तपसिल बमोजिम संसोधन गर्न वडा समिति निर्णय सहित प्राप्त सिफारिस अनुसार संसोधन गर्ने निर्णय गरियो ।

**वडा नं २**

१. धर्मेश्वर हाईट टोल सडक स्तरोन्नतीको लागि विनियोजित रु. ९,००,०००।- (नौ लाख) को शिर्षक संसोधन गरि निम्नानुसार गर्ने -

(क) धर्मेश्वर हाईट टोल सडक ब्लक छापी सडक स्तरोन्नती रु. ८,००,०००।- (आठ लाख )

(ख) वडा स्थीतको पुरानो ब्लक छपाईको वाटो मर्मत सम्भार रु. १,००,०००।- (एक लाख)

२. विष्ट टोल सडक स्तरोन्नती रु. ९,००,०००।- (नौ लाख) को शिर्षक संसोधन गरि निम्नानुसार गर्ने

(क) गोदावरी खोला जाने सहायक मार्ग ढलान रु. २,५०,०००।- (दुई लाख पचास हजार)

(ख) रेड एप्रोन पछाडिको गोरेटो वाटो स्तरोन्नती रु. २,००,०००।- (दुई लाख)

(ग) खडका टोल नजिकको वाटो ब्लक छपाई रु. १,८०,०००।- (एक लाख अस्सी हजार)

(घ) तल्लो ईनार मर्मत सम्भार रु. ९०,०००।- (नब्वे हजार)

(ङ) साविक वालकोट -१ खत्री टोल वाटो स्तरोन्नती रु. १,८०,०००।- (एक लाख अस्सी हजार)

३. वालकोट हाईट उपाध्याय टोल स्तरोन्नती रु. ९,००,०००।- (नौ लाख) शिर्षक संसोधन गरि निम्नानुसार गर्ने

(क) बालकोट हाईट उपाध्याय टोल सडक स्तरोन्नती रु. ५,००,०००।- (पाँच लाख)

(ख) वालकोट पानी ट्याँकी वाटो स्तरोन्नती रु. ४,००,०००।- (चार लाख)

४. खतिवडा टोलको वाटो स्तरोन्नती रु. ९,००,०००।- (नौ लाख) शिर्षक संसोधन गरि निम्नानुसार गर्ने

(क) खतिवडा टोल वाटो स्तरोन्नती रु. ६,००,०००।- (छ लाख)

(खं) झ्या टोल जोड्ने वाटो स्तरोन्नती रु.३,००,०००।- (तीन लाख)

५. चाँगाथली जाने भित्री वाटो स्तरोन्नती रु. ९,००,०००।- (नौ लाख) शिर्षक संसोधन गरि निम्नानुसार गर्ने

(क) चाँगाथली जाने भित्री वाटो स्तरोन्नती रु. ४,२५,०००।- (चार लाख पच्चिस हजार )

(ख) तल्लो सामा टोल वाटो स्तरोन्नती रु. ४,७५,०००।- (चार लाख पचहत्तर )

६.वडा भित्रको विभिन्न मन्दिरको भौतिक निर्माण तथा मर्मत संभारको लागि रु. १३,००,०००।-(तेह्र लाख) शिर्षक संसोधन गरि निम्नानुसार गर्ने

(क) गुप्तेश्वरं महादेव मन्दिर निर्माण कार्य रु. ५,००,०००।- (पाँच लाख)

(ख) धर्मेश्वर महादेव मन्दिर थप निर्माण कार्य रु. ६,००,०००।- (छ लाख)

(ग) वंगलामुखी मन्दिर मर्मत तथा सम्भार रु. २,००,०००।- (दुई लाख)

७. खड्का टोलको वाटो स्तरोन्नती रु. ९,००,०००।- (नौ लाख) शिर्षक संसोधन गरि निम्नानुसार योजना सञ्चालन गर्ने

(क) गणेश मन्दिरको तल भित्र जाने दुई वटा वाटो स्तरोन्नती रु. ६,००,०००।- (छ लाख)

(ख) साविक वालकोट-१ को गैरी टोल वाटो स्तरोन्नती रु. ३,००,०००।- (तीन लाख)

८. वडा भित्रका धिमे वाजा खःलको वाजा गाजा मर्मत तथा प्रशिक्षण रु.२,००,०००।- (दुई लाख) निम्नानुसार गर्ने

(क) वालकोट धिमे वाजा खलः रु. ४०,०००।- (चालिस हजार)

(ख) वाल विनायक विस्का जात्रु समाज रु. ४०,०००।- (चालिस हजार)

(ग) गणेश वाचनालय धिमे खलः रु.४०,०००।- (चालिस हजार)

(घ) खल्पीटार युवा समाज धिमे खलः रु.४०,०००।- (चालिस हजार)

(ङ) धर्मेश्वर भजन खलः रु.४०,०००।- (चालिस हजार)

९. फिका धारा मर्मत सम्भार रु. १०,००,०००।- (दश लाख) शिर्षक संसोधन गरि निम्नानुसार गर्ने

(क) गुप्तेश्वर टोल डेद ईन वाटो स्तरोन्नती कार्य गर्न रु. १,८०,०००।- (एक लाख अस्सी हजार)

(ख) वस्नेत टोल वाटो स्तरोन्नती रु. ३,२०,०००।- (तीन लाख वीस हजार)

(ग) आश लाल चोक अगाडिको टोलको वाटो स्तरोन्नती रु. ४,००,०००।- (चार लाख)

(घ) जगुलु टोल जाने गोरेटो वाटोको ब्लक मर्मत सुधार रु. १,००,०००।- (एक लाख )

१०. लक्षित वर्ग उत्थान कार्यक्रमको कार्यक्रम निम्नानुसार सञ्चालन गर्ने निर्णय गरियो ।

(क) महिला लक्षित कार्यक्रम अन्तर्गत ब्यूटिसियन तालिम सञ्चालन गर्ने रु. ३,००,०००।- (तीन लाख)

(ख) वालवालिका लक्षित कार्यक्रम अन्तर्गत वालवालिकालाई मनोरञ्जनात्मक खेलकूद कार्यक्रम सञ्चालन गर्न रु. २,००,०००।- (दुई लाख)

(ग) जेष्ठ नागरिक अन्तर्गत रु. १,५०,०००।- (एक लाख पचास हजार) वाट

(१) गुप्तेश्वर जेष्ठ नागरिक न्यानो कपडा वितरण रु. १,५०,०००।- (एक लाख पचास हजार)

(घ) अपाङ्ग लक्षित कार्यक्रम अन्तर्गत वडा भित्रका अपाङ्गता भएका व्यक्तिलाई पोषण युक्त आहार खानेकुरा वितरण रु. ५०,०००।-(पचास हजार)

(ङ) सीप विकास तालिम अन्तर्गत विनियोजित रु. ६,००,०००।- (छ लाख) वाट निम्नानुसारको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

(१) आकर्षण महिला समूह सीप मूलक तालिम रु. १,००,०००।- (एक लाख)

(२) जेष्ठ नागरिक भ्रमण तथा सम्मान कार्यक्रम सञ्चालन गर्न रु.१,००,०००।- (एक लाख)

(३) महिला शसक्तिकरण एवं क्षमता अभिवृद्धि कार्यक्रम रु. १,००,०००।- (एक लाख)

(४) उद्घोषण तालिम सञ्चालन गर्न रु. २,००,०००।- (दुई लाख)

(५) दलित उत्थान कार्यक्रम रु. १,००,०००।- (एक लाख)

११. महेन्द्र शान्ति मा.वि. र वालविनायक आधारभूत विद्यालय भौतिक सुधार रु. १०,००,०००।- शिर्षक संसोधन गरि निम्नानुसार गर्ने

(क) महेन्द्र शान्ति मा.वि.शैक्षिक सुधार विद्यार्थीहरुलाई ईसिडि विद्यालय विद्यार्थी पोषाक, प्ले स्टेशन सेट खरिद, भौतिक पूर्वाधार भ-याङ निर्माण कार्य तथा अतिरिक्त शिक्षक सञ्चालन, थप दिवा खाजाको लागि रु. ६,५०,०००।- ( छ लाख पचार हजार)

(ख) वालविनायक आधारभूत विद्यालयको ट्रस एवंम कोठा निर्माण भौतिक सुधारको लागि रु.३,५०,०००।- (तीन लाख पचास हजार)

१२. आकस्मिक पूर्वाधार तर्फको रु. ६,००,०००।- संसोधन गरि

(क) सुनाखरी टोलमा गेट निर्माण कार्य गर्न रु. १,२०,०००।- (एक लाख वीस हजार)

(ख) आकस्मिक पूर्वाधार रु. ४,८०,०००।- (चार लाख अस्सी हजार)

१४. सूर्यविनायक नगर कार्यपालिकाको १३६ औं वैठकवाट विपद् व्यवस्थापन शिर्षक अन्तर्गत पारित रु. १०,००,०००।- (दश लाख) वाट निम्नानुसारको योजना सञ्चालन गर्ने निर्णय गरियो ।

(क) गोदावरी खोला स्थीत रातो पुल मुनी स्लाप ढलान रु. १,८०,०००।- (एक लाख अस्सी हजार)

(ख) रातो पुल वर खोला किनारमा ग्याविन वाल लगाउने कार्य रु. १,००,०००।- (एक लाख)

(ग) बालकोट धिमे ख:ल जाने वाटो सुधार रु.७,२०,०००।- (सात्त लाख वीस हजार)

वडा नं ५

| क्र.स. | नगरसभाबाट स्वीकृत योजना | रकम रु. | संसोधन हुनुपर्ने योजना | रकम रु. |
|---|---|---|---|---|
| १ | भडखालोबाट राजकुलो पश्चिम उत्तर वस्तीबाट सृजनानगर निस्कने बाटो | ५००००० | गैडेधाराबाट दक्षिण जाने बाटो ढलान | ५००००० |
| २ | कंगालको वपी जाने बाटो | ५००००० | सृजनानगरबाट दक्षिण जाने बाटो | |
| | वखुञ्चे टोलबाट उत्तर पश्चिम जाने बाटो | ८००००० | गुमाञ्जु टोल बाटो सीमांकन वाल लगाउने, | ४००००० |
| | | | कार्कीदाईको घर भई जाने बाटोमा ह्यूमा पाईप बिछ्याउने, | १६५००० |
| | | | हिराधारा फूलबारी टोलमा पोलिथिन पाईप बिछ्याउने, | १३५००० |
| | | | खिउँटोल बाटोमा ग्राभेल राख्ने | १००००० |

**निर्णय नं ४**

यस नगरपालिकाको नगर कार्यपालिकाको १३६ बैठकबाट वडा नं ५ लागि विनियोजन भएको प्रगति टोलको बाटो मर्मत रु.१००००० , प्रगति टोल पश्चिम तर्फको बाल निर्माण रु.७५००० र १३८ औं बैठकबाट स्वीकृत नमूना वस्ती ढलान मर्मतको लागि विनियोजित रु.१००००० गरी ३ वटा विभिन्न आयोजनाको लागि विनियोजित बजेट रु.२७५०००। प्रगति टोल पश्चिम र नमूना वस्ती ढलान मर्मत योजनाका नाममा संसोधन गर्ने निर्णय गरियो ।

~~निर्णय नं ५~~

**निर्णय नं ५**

यस नगरपालिकाको चालू आ.व.को माघ मसान्तसम्मको राजस्व आयको विवरण राजस्व परामर्श समितिका संयोजक एवं उपप्रमुख श्री सरिता तिमसिना भट्टराईको तर्फबाट बैठक समक्ष जानकारी भयो ।

**निर्णय नं ६**

सामाजिक विकास समितिमा छलफल भई विधायन समितिमा पेश भएको सूर्यविनायक नगरपालिकाको बालसंरक्षण नीति, २०७९, सूर्यविनायक नगरपालिकाको अपाङ्गता सरोकार समन्वय समिति गठन तथा संचालन कार्यविधी, २०७९ र सूर्यविनायक नगरपालिकाको ज्येष्ठ नागरिक समन्वय समिति गठन तथा संचालन कार्यविधी, २०७९ को मस्यौदा उपर विधायन समितिमा छलफल भई स्वीकृतिको लागि सिफारिससाथ पेश भएकोमा उपरोक्त नीति तथा कार्यविधी स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो । साथै विधायन समितिमा छलफल भई निर्णयको लागि नगर कार्यापालिका बैठकमा पेश भएको सूर्यविनायक नगर जलस्रोत नियमावली, २०७९ र सूर्यविनायक नगरमालिकाको सहकारी संस्था दर्ता, नियमन तथा एकीकरण कार्यविधी, २०७९ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

सूर्यविनायक नगरपालिकोस्तरीय प्रथम राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०७९।१०।२६-२८ लाई सफलतापूर्वक सम्पन्न गर्नको लागि आ-आफ्नो स्थानबाट योगदान पुर्‍याउनुहुने प्रतियोगिता व्यवस्थापन समिति, जनप्रतिनिधि, कर्मचारी, विद्यालय परिवार, खेलाडी, प्रशिक्षक, व्यवस्थापक, भक्तपुर जिल्ला खेलकूद विकास समिति, संचारमाध्यम लगायत सबैमा नगरपालिकाको तर्फबाट कृतज्ञता सहित हार्दिक धन्यवाद दिने र प्रतियोगिता संचालन वापतको खर्च हिसाब गरी नगरपालिकाको चालू आ.व. को शिक्षा तथा खेलकूद कार्यक्रम अन्तर्गत खेलकूद तथा अतिरिक्त क्रियाकलाप शीर्षकमा विनियोजित रकमबाट नियमानुसार खर्च लेख्न सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ८**

यस नगरपालिकाको वडा नं ७ घयाम्पेडाँडाँमा संचालित शहरी स्वास्थ्य क्लिनिकलाई यस नगरपालिकाको नगरसभाको एघारौं अधिवेशनबाट स्वीकृत नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार वडा नं ८ स्थित पाटी भञ्ज्याङ्गमा स्थानान्तरण गरी सेवा प्रवाहको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं ९**

सूर्यविनायक नगरपालिका अन्तर्गतको सूर्यविनायक नगर अस्पताल, जगातीको लागि इमर्जेन्सी तथा फार्मेसीको लागि आवश्यक औषधी तथा सर्जिकल आइटम खरिदको लागि विभिन्न प्याकेज बनाई २ पटक सम्म इ-बिडिङ्ग मार्फत टेन्डर आव्हान गरिएकोमा दुवै पटक कुनैमा टेन्डर नै नपर्ने, कुनैमा मूल्याङ्कनको लागि पर्याप्त संख्यामा बोलपत्रदाता नै नआउने तथा कुनैमा बोलपत्रदाताले बिडिङ्ग गरेको भएता पनि कानून बमोजिमको पर्याप्त र वैध कागजात नभएकोले छनौट नहुने जस्ता कारणले कुनैपनि आपूर्तिकर्ता छनौट हुन नसकेको परिप्रेक्ष्यमा चालू आर्थिक वर्ष सकिन अब करिब ५ महिना मात्रै बाँकी रहेको अवस्थामा पुन: टेन्डरको काम शुरु गर्दा पनि सबै प्रक्रिया पूरा गर्न कम्तिमा डेढ महिना लाग्ने र फेरी पनि आपूर्तिकर्ता छनौट नै हुन्छन् भन्ने कुनै ग्यारेन्टी नभएकोले चालू आर्थिक वर्षको लागि साविककै आपूर्तिकर्ताबाट साविककै दररेटमा

सूर्यविनायक नगर अस्पताल, जगातीको लागि आवश्यक औषधी आपूर्तिको व्यवस्था मिलाउन र आगामी आर्थिक वर्षको लागि भने आर्थिक वर्ष शुरु हुनु अगावै खरिद प्रक्रिया सम्पन्न गर्न सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १०**

चालू आर्थिक वर्षको नीति तथा कार्यक्रमको बुँदा नं ४२ र ४३ एवं वार्षिक बजेट तथा कार्यक्रमको बुँदा नं २७ र २८ मा उल्लेखित विषय कार्यान्वयन गर्ने सन्दर्भमा नगरपालिका र International Development Institute P. Ltd. (IDI) तथा Trans-Himalayan Environment and Livelihood Program (T-HELP) सँगको सहकार्यमा Horticulture, Floriculture, Dairy, Vermicomposting र Enterpreneurship गरी विभिन्न ५ वटा मोड्युलमा इच्छुक नगरबासीलाई तालिम दिई स्वरोजगार बनाउने र यसको लागि साझेदार संस्थाले रु. दश लाख व्यहोर्ने र बाँकी अपुग रकम नगरपालिकाको चालू आ.व. को वार्षिक बजेटको अनुसूची-३ को क्र.सं. २१ मा रहेको प्राविधिक, सीपमूलक र रोजगारमूलक तालिम कार्यक्रमबाट व्यहोर्ने गरी द्विपक्षीय समझदारी गरी काम अघि बढाउन सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ११**

चालू आर्थिक वर्षको नीति तथा कार्यक्रमको बुँदा नं ४२ र ४३ एवं वार्षिक बजेट तथा कार्यक्रमको बुँदा नं २७ र २८ मा उल्लेखित विषय कार्यान्वयन गर्ने क्रममा नगरपालिका र Swiss Development Cooperation (SDC) तथा 1 to Watch सँगको सहकार्यमा उद्यमशील बन्न इच्छुक नगरबासीलाई तालिम, क्षमता विकास तथा स्रोत प्राप्ति र परिचालनमा सहयोग गरी स्वरोजगार बनाउने र यसको लागि साझेदार संस्थाले करिब रु. एक करोड व्यहोर्ने र बाँकी अपुग रकम नगरपालिकाको चालू आ.व. को वार्षिक बजेटको अनुसूची-३ को क्र.सं.१८ मा रहेको नगर स्वरोजगार कोष शीर्षकबाट व्यहोर्ने गरी द्विपक्षीय समझदारी गरी काम अघि बढाउन सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १२**

सूर्यविनायक नगरपालिकाभित्र स्थायी बमोबास गर्ने युवाहरुलाई सरकारी सेवामा आकर्षित गर्ने उद्देश्यले चालू आ.व. को चालू आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रमको बुँदा नं ६१ म उल्लेखित विषय कार्यान्वयन गर्ने सिलसिलामा नगरपालिकाले सार्वजनिक सूचना आव्हान गरी इच्छुक व्यक्तिको नामावली संकलन गर्दा १६२ जनाको नाम प्राप्त भएकोमा नगरपालिकाले आयोजना गरेका अभिमुखीकरण कार्यक्रममा उपस्थित ९० जना मध्ये ८० जनाले सहायकस्तर र १० जनाले अधिकृतस्तरको लोक सेवा तयारी कक्षा लिन फाराम भरी बुझाएको अवस्थामा ति सबैलाई लोक सेवा तयारीको सबै पत्रको कक्षा निशुल्क लिन आवश्यक स्रोतको प्रबन्ध नगरपालिकाले मिलाउने क्रममा यसको लागि चालू आ.व. को महिला, बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ विनियोजित बजेटबाट खर्च लेखी अपुग हुने रकम वार्षिक विनियोजनको मिल्दो शीर्षकबाट खर्च लेख्ने गरी आवश्यक व्यवस्था मिलाउन सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं १३

**निर्णय नं १३**

सूर्यविनायक नगरपालिकाको विशेषगरी वडा नं १, २, ३, ५ र ६ मा देखिएको खानेपानी समस्याको समाधानको लागि काठमाडौं उपत्यका खानेपानी लिमिटेड (KUKL) र मेलम्ची खानेपानी आयोजना (PID) बीच विभिन्न चरणमा भएको बैठक तथा छलफलबाट हाललाई यस नगरपालिका अन्तर्गतको वडा नं. ६ स्थित पाण्डोबजारमा रहेको पानीट्याङ्कीबाट नगरपालिकालाई पानी उपलब्ध गराउन सहमति प्राप्त भए बमोजिम नगरपालिकाको अग्रसरतामा सो पानी वितरणको लागि तयार पार्नुपर्ने आवश्यक पूर्वाधार तथा त्यसको लागतको विषयमा सर्वेक्षणको काम सम्पन्न भइसकेको अवस्थामा नगरपालिकाकै अगुवाईमा उपरोक्त वडाभित्र रहेका खानेपानी उपभोक्ता समितिसँग छलफल गरी यस परियोजनामा उनीहरुको योगदानको हिस्सा यकिन गरी नगरपालिका र खानेपानी उपभोक्त समितिबीच आपसी सम्झौता गरी सो बराबरको स्रोतको व्यवस्था गर्न लगाउने, नगरपालिकाभित्र रहेका नेपाल सरकार तथा प्रदेश सरकार अन्तर्गतका खानेपानी कार्यालयसँग समन्वय गरी यस परियोजनाको लागि ति निकायहरुले गर्न सक्ने सहयोगको क्षेत्र पहिचान गरी योगदानको हिस्सा यकिन गर्ने र यसपछि अपुग हुने स्रोतको प्रबन्ध नगरपालिकाको चालू आ.व. मा नगरस्तरीय विभिन्न पूर्वाधार निर्माण तर्फ विनियोजित रकमबाट खर्च व्यहोर्ने निर्णय गरियो । साथै यस परियोजनाको सम्पूर्ण कामको अगुवाई र जिम्मेवारी नगरपालिकाले लिएर काम अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं १४**

भूउपयोग ऐन, २०७६ तथा नियमावली, २०७९ बमोजिम नगरपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण गरी कार्यान्वयन गर्ने सम्बन्धमा परामर्शदाताबाट प्रस्तावित भूउपयोग नक्सा र सो सम्वद्ध विस्तृत प्रतिवेदनको प्रति प्राप्त भएकोमा यस उपर अध्ययन गरी यथाशीघ्र परामर्शदातासँग छलफलमा बसी भूवर्गीकरण योजना पूर्ण रुपमा कार्यान्वयन गर्ने र परामर्शदातालाई ऐनमा तोकिए अनुसारको सबै प्रकारका जमिनको वर्गीकरणको काम पनि छिट्टै सम्पन्न गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १५**

सूर्यविनायक नगर अस्पतालको प्रथम वार्षिक उत्सव मनाउने सम्बन्धमा अस्पताल व्यवस्थापन समितिको बैठक बसी बैठकको निर्णय बमोजिम आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं १६**

यही मिति २०७९ फागुन २७ गते पर्ने सूर्यविनायक नगरपालिकाको स्थापना दिवस विविध कार्यक्रम आयोजना गरी मनाउने र त्यसको लागि आवश्यक पर्ने स्रोत नगरपालिकाको चालू आ.व. को वार्षिक विनियोजन अन्तर्गतको मिल्दो शीर्षकबाट खर्च गर्ने गरी व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं १७**

डिभिजन वन कार्यालय, भक्तपुरसँगको समन्वय तथा सो कार्यालयको अनुरोध एवं सिफारिस समेतलाई मध्यनजर गरी सूर्यविनायक नगरपालिकाको स्थानीय पाठ्यक्रम **"हाम्रो सूर्यविनायक"** (कक्षा ६ देखि ८ ) मा जलवायु परिवर्तन सम्बन्धी विषयवस्तु समावेश गरी पठन पाठनको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं १८**

सूर्यविनायक नगरपालिकाको आफ्नै नगर गान तयार पार्नको लागि इच्छुक सर्जकहरुलाई नगर गानको रचना गरी सो को प्रति नगरपालिकामा पेश गर्न सार्वजनिक सूचना आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं १९**

नगर कार्यपलिकाको १४० औं बैठक पछि विभिन्न मितिमा बसेको सामाजिक विकास समिति, विधायन समिति र अन्य विषयगत समितिको बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं २०**

नगरपालिका र मातहतका कार्यालयहरुले कुनैपनि योजना तथा कार्यक्रम संचालन गर्दा नगरपालिकाको वार्षिक स्वीकृत योजना वा नगर कार्यपालिकाको बैठकबाट कार्यक्रम बजेट तथा कार्यक्रम स्वीकृत भई स्रोत सुनिश्चितता भएपछि मात्रै कार्यक्रम सम्झौता गरेर योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने, योजना तथा कार्यक्रम स्वीकृत नहुदै आफूखुशी योजना तथा कार्यक्रम संचालनको सम्झौता गर्ने तथा कार्यान्वय गर्ने गरेको पाईएमा सोको भुक्तानी नहुने व्यहोरा समेत खुलाई सवै वडा कार्यालय तथा विषयगत शाखाहरुमा परिपत्र गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।